# बनेपा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बनेपा, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

पत्र संख्या:
चलानी नं.: ५२८

२०७८।६।५
मितिः

श्री ग्रिनपिस इन्भारोमेन्ट प्रा.लि.

काठमाण्डौ, ६, बौद्ध, काठमाण्डौ ।

विषयः संभौता भङ्ग गरिएको सम्बन्धमा ।

उपर्युक्त सम्बन्धमा त्यस प्रा.लि. र यस नगरपालिका बिच मिति २०७६।१।२९ मा भएको लिखित संभौता बमोजिम बनेपा नगरपालिका क्षेत्रभित्रको फोहोर सशुल्क संकलन र व्यवस्थापनको सम्पूर्ण दायित्व तहाँ प्रा.लि. मा रहने शर्त समावेश भएको विदितै छ । उल्लेखित मितिको संभौता मुताविक त्यस प्रा.लि. ले Chuwastar नामको जापानी कम्पनीले उत्पादन/निर्माण गरेको फोहोर डढाएर खरानी बनाउने वातावरणमैत्री प्रविधियुक्त मेशिन जडान गरी फोहोर व्यवस्थापन गर्ने शर्त रहेको र फोहोर व्यवस्थापन प्रयोजनका लागि जग्गाको व्यवस्थापन समेत सोही प्रा.लि. ले गर्नुपर्ने शर्त रहेकोमा इन्सिनेरेटर राख्ने जग्गा तहाँ प्रा.लि. ले व्यवस्थापन गर्न नसकेका कारण यस नगरपालिकाले मिति २०७६।६।७ मा पुरक संभौता गरी जग्गा उपलब्ध गराउँदा समेत उपलब्ध गराइएको जग्गामा हालसम्म इन्सिनेरेटर जडानको प्रारम्भिक कार्य समेत भएको छैन । साथै संभौता बमोजिम फोहोर व्यवस्थापनको समग्र जिम्मेवारी तहाँ प्रा.लि.को हुँदा हुँदै पनि नियमिति रुपमा फोहोर संकलन र व्यवस्थापन नभएका कारण बनेपा नगर क्षेत्र फोहोरको डंगुरलेयुक्त दुर्गन्धित नगरका रुपमा परिणत भई रहने अवस्था आई पटक पटक मौखिक तथा लिखित जानकारी गराउँदा समेत नियमित रुपमा फोहोर संकलन र व्यवस्थापन गर्ने तर्फ ठोस प्रगति नभएका सम्बन्धमा छलफल गर्न मिति २०७८।६।१ गतेका दिन नगर प्रमुखज्यूको अध्यक्षतामा भएको छलफल बैठकबाट तहाँ प्रा.लि. संग भएको संभौता भङ्ग गर्ने भनि निर्णय भएकोले मिति २०७६।१।२९ मा भएको संभौताको शर्त नं. १५ को देहाय (क) र मिति २०७६।६।७ मा भएको संभौताको शर्त नं. ५ को देहाय (क) बमोजिम मिति २०७८ साल आश्विन १५ गते बाट लागु हुने गरी तहाँ प्रा.लि. र यस नगरपालिका बिच भएको संभौता भङ्ग गरिएको छ । सो मिति उप्रान्त बनेपा नगरपालिका क्षेत्रभित्रको फोहोर व्यवस्थापनमा तहाँ प्रा.लि.को कुनै दायित्व नरहने हुँदा नगरबासीहरुबाट फोहोर व्यवस्थापन शुल्क लिने कार्य बन्द गर्नहुनाका साथै नगरपालिकाले उपलब्ध गराएका जिन्सी धनमाल तथा कार्यालय भवन समेत बरबुझारथ गर्न हुन यसै पत्रद्वारा जानकारी गराइएको व्यहोरा अनुरोध छ ।

बोधार्थ

श्री जिल्ला प्रशासन कार्यालय,

काभ्रेपलाञ्चोक, धुलिखेल ।

श्री सबै वडा समितिको कार्यालयहरु

बनेपा नगरपालिका ।

२०७८।०६।०५

कविराज उप्रेती

प्रमुख प्रशासकीय अधिकृत

फोन नं.: प्रमुख ०११-६६२०८१, एक्सचेन्ज ०११-६६१२८१, कार्यालय ०११-६६१४०७, फ्याक्स ०११-६६१४१९, पो.ब.नं. ५०९, बनेपा
E-mail: ict.banepamun@gmail.com

Scanned by CamScanner